मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

शुभकामना

पवित्र छठ पर्व-२०८० को शुभ अवसरमा कोशी प्रदेश लगायत अन्य प्रदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समुन्नतिको शुभकामना प्रकट गर्दछु ।

विशेषत: नेपालको तराई र मधेस क्षेत्रमा आदिदेव सूर्य र छठी माताको उपासनाका लागि मनाइँदै आएको छठ पर्व नेपालमा अब कुनै स्थान र क्षेत्रविशेषका लागि मात्र रहेन । यो पर्व अब काठमाडौं उपत्यकासहित पहाडी र हिमाली भेगमा पनि अत्यन्त श्रद्धा र भक्तिका साथ मनाउन थालिएको छ । यसरी यस पर्वले विविध भूगोल, जाति, भाषा, संस्कृति र परम्पराका नेपालीलाई एकताको सूत्रमा आवद्ध बनाइरहेको छ ।

छठ पर्व कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीका दिनसम्म मनाइन्छ । यसका उपासकहरू नदी, पोखरी, ताल लगायतका जलयुक्त स्थानमा गएर अघिल्लो दिन अस्ताउँदो र भोलि पल्ट उदाउँदो सूर्यलाई अर्घ्य दिएर आफ्नो व्रतलाई सम्पादन गर्नुहुन्छ । आदिदेव सूर्य प्रेम, करुणा र समानताका प्रतीक मानिनुहुन्छ । उहाँ सम्पूर्ण प्राणी र वनस्पतिलाई बिना भेदभाव समान रूपमा न्यानो र उज्यालो प्रदान गर्नुहुन्छ । त्यसैले यस पर्वले हामीलाई आपसमा प्रेम, करुणा र समानताको भावना जागृत गराउने मैले विश्वास लिएको छु ।

विधिपूर्वक छठ पर्वको अनुष्ठान गर्दा मनोवाञ्छा पूरा हुने, सन्तान प्राप्त हुने, घरपरिवार र समाजमा कल्याण हुने अनि दु:खकष्टको निवारण हुने विश्वास रहिआएको छ । प्रकृतिको पूजा गरिने यस पर्वले हाम्रोजस्तो भौगोलिक, सांस्कृतिक, सामाजिक, भाषिक र धार्मिक विविधता भएको मुलुकमा सद्भाव, समन्वय, सहिष्णुता र बन्धुत्वको भावनालाई प्रगाढ बनाएर राष्ट्रिय एकतालाई बलियो बनाउने मेरो विश्वास छ ।

यस पावन पर्वले हामीमा शान्त, समुन्नत, समतामूलक, सभ्य र सुसंस्कृत समाजको निर्माण गर्न प्रेरणा दिनेछ भन्ने कामनाका साथ फेरि पनि सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति २०८० मङ्सिर ३ गते आइतबार

केदार कार्की
मुख्यमन्त्री

Scanned with CamScanner